# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२० गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---------------------------------------------------------------

ललितपुर महानगरपालिका पुल्चोक, ललितपुरमा कार्यरत खरिदार राजेन्द्र नेमकुलले घर र सटरहरुको कर तिर्न गएका सेवाग्राहीलाई विभिन्न बहाना बनाई कर छुट गरिदिने प्रलोभन देखाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निज र जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. १५ बस्ने मध्यस्थकर्ता कृष्ण बोगटीलाई रु.७०,०००।-(सत्तरी हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा मिति २०७५।०२।२० गते ललितपुर महानगरपालिकाको पहिलो तल्लामा रहेको प्रमुख प्रशासकीय अधिकृतको कार्य कक्ष अगाडिबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता